# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९ ) काठमाडौं, पुस १० गते २०४६ साल ( संख्या ३६


## भाग ३

### श्री ५ को सरकार

### आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

नगर विकास ऐन, २०४५ को दफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको पदाधिकारी रहने गरी नुवाकोट जिल्लाको विदुर नगर पञ्चायतमा विदुर नगर विकास समिति गठन गरेको छ ।

समितिको गठनः

१. अञ्चलाधीश, वागमती अञ्चल — अध्यक्ष
२. सभापति, नुवाकोट जिल्ला पञ्चायत — सदस्य
३. प्रमुख जिल्ला अधिकारी, नुवाकोट जिल्ला — सदस्य
४. सम्बन्धित इलाकाको प्रतिनिधित्व गर्ने सदस्य जिल्ला पञ्चायत नुवाकोट — सदस्य
५. श्री ५ को सरकारबाट मनोनीत जनप्रतिनिधि वा समाजसेवी दुईजना — सदस्य
६. प्रधानपञ्च, विदुर नगर पञ्चायत — सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

356

७. प्रमुख, नुवाकोट जिल्ला मालपोत कार्यालय — सदस्य

८. प्रमुख, खानेपानी तथा ढल निकास जिल्ला कार्यालय नुवाकोट — सदस्य

९. प्रमुख, भवन र आवास तथा शहरी विकास जिल्ला कार्यालय नुवाकोट — सदस्य-सचिव

द्रष्टव्यः—

१. अञ्चलाधीशको अनुपस्थितिमा अध्यक्षको काम प्रमुख जिल्ला अधिकारीले चलाउनेछ ।

२. मनोनीत सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको सचिव

---

## भूलसुधार

खण्ड ३९, संख्या २९, मिति २०४६।७।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना नं. २ को दोस्रो हरफमा रहेको "अधिकार प्रयोग गरी" भन्ने शब्दहरूपछि "मालपोत कार्यालयको प्रयोजनको निमित्त" भन्ने शब्दहरू हुनुपर्नेमा छूट भएकोले सो शब्दहरू समावेश गरी भूलसुधार गरिएको छ ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।